# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ

बागमती प्रदेश, नेपाल

## गाउँ सभाको १३ औं बैठक तथा अधिवेशनमा प्रस्तुत
## नीति तथा कार्यक्रम
## २०८० असार १०


**प्रस्तुतकर्ता**

**परशुराम खतिवडा**

गाउँपालिका अध्यक्ष


सिद्धलेक गाउँपालिका

बुङ्चुङ, धादिङ

सिद्धलेक गाउँपालिका

**सिद्धलेक गाउँपालिकाको नीति तथा कार्यक्रम**
**(आ.व.२०८०/०८१)**
**अध्यक्षज्यूबाट प्रस्तुत आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम**

श्री गाउँसभाका सदस्यज्यूहरु

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

श्री शाखा प्रमुखज्यूहरु

श्री राजनीतिक दलका प्रतिनिधिज्यूहरु

श्री पत्रकार मित्रहरु

श्री सुरक्षा निकायका प्रमुखज्यूहरु साथै सम्पूर्ण सिद्धलेकबासी श्रद्धेय आमा बुबा दिदीबिहनी तथा दाजुभाइ लगायत उपस्थित महानुभावहरु

सिद्धलेक गाउँपालिकाको निमन्त्रणालाई स्वीकार गरी आ.व. २०८०।०८१ को गाउँसभाको १३औं बैठक तथा अधिवेशनमा उपस्थित हुनु हुने सम्पूर्ण सभाका सदस्यज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुमा म हृदयदेखि स्वागत गर्दै सबैमा आभार व्यक्त गर्दछु । यसका साथै नागरिकहरुको अधिकार र स्वतन्त्रताको लामो यात्रामा साहदात प्राप्त गर्नु हुने सबै ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

**आदरणीय सभाका सदस्यहरु**

नेपालको संविधान २०७२ ले देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना सँगै जातीय, क्षेत्रीय धार्मिक लैंगिक भाषिक लगायत समाजका सबै प्रकारका विभेद अन्त्यगरी आर्थिक समानता सामाजिक न्याय र समान अवसरको सुनिश्चितता गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारभूत र समतामुलक समाजको निर्माण र परिकल्पना अनुरुप ३ तहको सरकारको व्यवस्था सहित स्थानीय सरकारको रुपमा नगर तथा गाउँपालिकाहरु स्थापना भएका छन् । पालिकाहरुले आम नागरिकको सुन्दर भविष्यको सपना साकार पार्ने संकल्प बोकेर स्थापना भएका छन । हामी पनि सिद्धलेक गाउँपालिकाको आमनागरिकहरुको सुन्दर भविष्य र सुखी

सिद्धलेकवासी तयार गर्ने परिकल्पना सहित समृद्ध सिद्धलेक उज्यालो सिद्धलेक बनाउने अठोटका साथ उपस्थित भएका छौं ।

गत २०७९ बैशाख ३० को स्थानीय तहको दोस्रो निर्वाचनबाट हामी निर्वाचित भैइसके पछि चालु आ.व. २०७९।०८० को लागि नयाँ सोच र समृद्ध सिद्धलेक बनाउने परिकल्पना सहित नीति तथा कार्यक्रम पेश गरेका थियौं । तत्काल हामी निर्वाचित जनप्रतिनिधिहरुको पहिलो अभ्यास भएकोले कतिपय पक्षहरुलाई सारभूत रुपमा समेट्न सकेका थिएनौं होला यद्यपि आम सिद्धलेकवासी नागरिकहरुले हामीलाई जुन आशा विश्वास र भरोसा सहित निर्वाचित गराउनु भयो उहाँहरुको भावनालाई समेटेर सिद्धलेक गाउँपालिकाको समग्र विकासको लागि असल अभ्यासको लक्ष्यहरु समेटेर नीति तथा कार्यक्रम तयार गरेका थियौ ।

आज १३ औं गाउँसभा भैरहँदा हाम्रो एक वर्षको कार्य अवधि सम्पन्न भै सकेको छ । चालु आ.व. २०७९।०८० लागि स्वीकृत भएको नीति तथा कार्यक्रम अनुसार तर्जुमा भएको बजेट तथा योजनाहरु सम्पादन भै अन्तिम चरणमा पुगेका छन् । आ.व. २०८०।०८१ को लागि पनि हामीले सिद्धलेक गाउँपालिकावासिहरुको विश्वास र भरोसामा रत्तिभर आँच नआउने गरी उहाँहरुको अमूल्य मतको उच्च सम्मान सहित कर्तव्यनिष्ठ, इमान्दारीता र प्रतिवद्धताका साथ लोकतान्त्रिक यात्रामा सदैव जनचाहना, जनहित र जनविश्वासयुक्त हुने गरी नीति कार्यक्रम र सोहि अनुरुपको बजेट निर्माण गर्न प्रतिवद्ध छौं ।

**सभासदज्यूहरु**

सिद्धलेक गाउँपालिकाले स्थानीय सरकार सञ्चालनको ६ वर्षको अवधि पुरा गरिसकेको छ । यो अवधिमा भौतिक पुर्वाधार विकास र सामाजिक विकासको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ । तर हामिले देख्दै आएको **उज्यालो सिद्धलेक सम्वृद्ध सिद्धलेक**को परिकल्पना लाई पुरा गर्नको लागि प्रष्ट दृष्टिकोण र सम्वृद्ध मार्गचित्र निर्माण गर्न सकेका छैनौं । हामी यो आर्थिक वर्ष भित्रमा सिद्धलेकको आवधिक योजना, मध्यकालिन खर्च संरचना तयार गरि सोही अनुरुपको निति, योजना तर्जुमा गरि व्यवहारिक कार्यान्वयनको बाटोमा जानेछौं ।

सिमित साधन स्रोतका बावजुद पनि हामीले गाउँपालिकाको समग्र विकासको निमित्त विकासको प्रतिफल समानरुपमा प्राप्त हुने गरी बजेटको सिमा, असिमित आवश्यकता र समस्याहरुका पहाडलाई छिचोल्दै तपाईहरुले नै निर्धारण गर्नुभएका प्राथमिकताहरुको आधारमा गाउँपलिकाको लक्षित विकासको मार्गचित्रबाट यात्रा अगाडि बढाउने प्रयासमा रहने छौं ।

आजको २१औं शताब्दीमा विज्ञान र प्रविधिले विश्वलाई नै एक सानो समुदायमा परिणत गरेको सन्दर्भमा गुणस्तरीय शिक्षा विशेषगरी प्राविधिक शिक्षा र कृषिमा आधुनिकीकरण र प्रविधि युक्त खेतिप्रणाली आजको अहम् आवश्यकता हो । यद्यपि कृषि क्षेत्रको व्यवसायीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने, प्रविधियुक्त गर्ने,उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्दै रोजगारी सिर्जना गर्ने, सुशासन प्रवर्द्धन  गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गरी नागरिकको दैनिक जीवनयापनलाई सहज बनाउने, गुणस्तरीय शिक्षा प्रदान गरी नागरिकको दक्षता अभिवृद्धि गर्ने, सामाजिक विकासलाई कृषि पर्यटनसँग आवद्ध गरी संस्थागत विकासको प्रतिफल हासिल गर्ने जस्ता चुनौती हामी माझ कायम नै रहेको छ ।

२०७२ को विनाशकारी भुकम्पबाट क्षति हुन गएका घर/टहरा तथा सार्वजनिक भवनहरूको पुनर्निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको छ । यस अवस्थामा पालिकाभित्र भुकम्पबाट घर क्षति भई लाभग्राहीमा नाम छुटेका वास्तविक लाभग्राहीहरुको समस्या समाधानतर्फ पालिकाबाट प्रयास भएकोमा केही सम्बोधन भएको र बाँकी रहेका समस्याहरूको समाधानका लागि गाउँपालिका लागि परेको छ ।

## प्रशासनिक भवन तथा वडा कार्यालयहरु

सिद्धलेक गाउँपालिकाको कार्यालय प्रयोजनार्थ तीनवटा भवनमा ३२ कोठा निर्माण भई सोही भवनबाट सेवा प्रवाह भईरहेको छ । करिब १५० जना अट्ने क्षमताको एउटा हल र करिब २० जना अट्ने क्षमताको एउटा बैठक कक्ष निर्माण भई प्रयोगमा आएको छ र सिद्धलेक गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरुमा सम्वन्धित वडा कार्यालयहरुकै नाममा वडाकार्यालय भवनहरु निर्माण भई नियमित सेवा प्रवाह भैरहेको छ । गाउँपालिकाको प्रशासनिक भवनहरुको सम्वन्धमा

व्यवस्थित र अत्याधुनिक किसिमको भवनहरुको अभाव रहेको छ। नयाँ प्रशासनिक भवन निर्माण गर्नका लागि सम्बन्धित निकायमा बजेट व्यवस्थापनको लागि आवश्यक प्रकृया अघि बढाउने नीति रहेको छ।

## सडक कालो पत्रे तथा स्तरोन्नती तर्फ

सडक पूर्वाधारको पनि मुख्य पूर्वाधार हो । अन्य सबै विकासको लागि हरेक वस्तिहरुमा सडक संञ्जाल जोडिनु पर्दछ र यो हाम्रो परिवेशमा अनिवार्य सर्त पनि हो। तर हाम्रा अधिकांश ग्रामिण सडकहरु दिगो, बलियो र भरपर्दो छैनन्। व्यवहारिक हिसावले सडक सञ्जालको ब्यापक विकास भए पनि प्राविधिक र भौगोलिक अवस्थितिका कारण ग्रामिण सडकहरु जोखिममा रहेका छन् सर्वकालिन सडक (All Weather Road) निर्माण गरि भरपर्दो र विश्वसनीय बनाउनको लागि सिद्धलेक गाउँपालिका दिर्घकालिन सोच सहित तपशिल बमोजिमको नीति तथा कार्यक्रम ल्याएका छौं।

१. हरेक वडामा सवै बस्तिहरुलाई समेट्ने गरि चक्रपथ निर्माण गर्ने अवधारणा अनुरुप सडक विस्तार गरी ति सडकहरुलाई जिल्ला तथा राष्ट्रिय सडक सञ्जाल संग जोडिने छ।

२. वडाका मुख्य सडकहरुलाई सर्वकालिन सडक (All Weather Road) बनाउनको लागि पक्की नाला ढल निकास र ग्रावेल गर्ने कार्य यसै वर्षबाट सुरु गरिने छ।

३. गाउँपालिका वासीहरुको समस्यालाई मध्यनजर गरी हरेक वडाहरुमा आवश्यकता अनुसारको सडक श्रमिकहरुको (length Worker) व्यवस्था गरिनेछ । यसवाट कम्तिमा ५० जनाले १०० दिनका लागि प्रत्यक्ष रुपमा रोजगार प्राप्त गर्नेछन् भने सडकको संरक्षणमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

४. परेवाटर - पिपलटार – आदमटार – फोस्रेटार सडक खण्डको परेवाटार देखि जरेपुल सम्मको ग्रामिण सडकको स्तरोन्नती गरी सर्वाकालिन रुपमा सञ्चालन गर्न योग्य सडकको रुपमा विस्तार गरिने छ।

५. ग्रामिण सडकहरुलाई दिगो भरपर्दो र सर्वकालिन प्रयोगमा ल्याउन समुदाय - पालिका साझेदारी कार्यक्रम ल्याइने छ र ति सडकहरुलाई आवश्यकताको आधारमा समूदायलाई हस्तान्तरण गरी सडक संरक्षणको लागि परिचालन गरिने छ।

भूगोलको बनावटको कारणबाट सडक तथा अन्य पूर्वाधार विकासमा समस्या आउनु हाम्रो लागि चुनौती हो। हाम्रो गाउँपालिकाको लागि ५ वटा गौरवका नमूना सडकहरु छनौंट गरि पक्की सडक संरचना विस्तारका कार्यहरु भै रहेका छन्।

१. बैरेनी पिपल नलाङ ठाँटी कमलावरी सडक गत आ.व. मा १ कि.मी कालोपत्रे र चालु आ.व. मा बरबोटे देखि भट्टराइ चौतारो र भट्टराई चौतारोदेखि पिपल नलाङ सडक खण्ड कालोपत्रे सडक स्तरोन्नती गर्ने कार्य भैरहेको छ । आगामी वर्षमा पनि सडक कालो पत्रे गर्ने कार्यलाई निरन्तरता दिइने छ। साथै अर्चले तारनलाङ हुँदै ठाँटी सडक र डुम्रेखोला वडा नं. १ को वडा कार्यालय हुँदै ठाँटी सडक यसै वर्ष देखि कालोपत्रे गरिनेछ।
२. बुङचुङ-भेडावारी-मैदान- कमलाबारी सडक गत आ.व.मा १.५ कि.मी सडक कालोपत्रे भईसकेको र यस आ.व.मा पनि सडक स्तोरन्नती कार्यलाई निरन्तरता दिईने छ।
३. यसैगरी परेवाटार कुम्पुरभङ्याङ कालीदह सडक परेवाटार तर्फबाट ७०० मिटर पक्की सडक अघिल्लो वर्ष नै भएको छ भने उक्त सडकको स्तरोन्नति कार्य चालु आ.व.मा पनि भै रहेको छ। आगामी वर्षमा कालिदह देखि कुम्पुर भञ्ज्याङ जोड्ने सडक कालोपत्रे गर्ने कार्य प्रारम्भ गरिने छ।
४. जरे आदमटार अमिलिछाप भाल्डाँडा भैंसे हुँदै कुम्पुर भङ्याङ सम्मको सडकलाई पनि नमूना सडकको रुपमा विस्तार गर्ने उद्देश्यले सडक स्तरोन्नती र कालो पत्रे गर्ने कार्य चालु आ.व.मा भैरहेको छ। आगामी वर्षमा पनि यो सडक कालो पत्रे र सडक स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइने छ।
५. दोभान टार ठाँटी भन्ज्याङ सडकको स्तरोन्नतीको कार्य चालु आ.व.मा भै रहेको छ। आगामी आ.व. यो सडक कालो पत्रे र स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइने छ।

६. तारनलाङ हुँदै बुङचुङ सडकको स्तरोउन्नती कार्य चालु आ.व मा भै रहेको छ । आगामी आ.वमा यो सडक कालोपत्रे र स्तरोउन्नती गर्ने कार्यलाई निरन्तरता दिइने छ।

७. हरेक मूल सडक तथा प्राथमिकताका आधारमा सहायक कृषि सडकको स्तरोन्नती गरी बाह्रै महिना आवत–जावत तथा यातायात सञ्चालनको प्रबन्ध मिलाईने छ । साथै गाउँपालिका भित्रका सबै सडकहरुको संजाललाई गाउँपालिकाको यातायात गुरुयोजना **(RMTMP: Rural Municipality Transport Master Plan)** बनाउने कार्य चालु आ.व.मा सम्पन्न भै सकेको छ । गाउँपालिका भित्रका निर्माण भएका बाटो तथा सडकहरुको लगत राख्ने र गाउँपालिकाको पहिचान झल्कने गरी नामाकरण गर्ने कार्यलाई यसै आर्थिक वर्षबाट सञ्चालन गरिनेछ ।

८. सिद्धलेकभित्र निर्माण भएका खानेपानी योजनाको संरक्षण सम्वर्द्धन गर्दै नयाँ धारा निर्माण तथा मर्मत सम्भारको कार्यलाई निरन्तरता दिँदै **"सिद्धलेकको अभिभारा- एक घर एक धारा"** भन्ने नारालाई सार्थकता दिने नीति अवलम्बन गरिनेछ ।

९. यस सिद्धलेक गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माणको लागि स्वीकृत प्राप्त भएकोमा सिद्धलेक गाउँपालिकाको वडा नं. १ बैरेनी स्थित अस्पताल निर्माण गर्ने प्रकृया आगामी आ.व. देखि शुरुवात गरिने छ । स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रको विकास र विस्तारका लागि अव्वल रुपमा कार्य गर्ने नीति लिइने छ ।

१०. **"उत्पादनमा वृद्धि सिद्धलेकको विकास र सम्वृद्धि"**भन्ने नारा सहित कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण र प्रविधिमुलक बनाइ कृषिमा आत्मनिर्भर उन्मुख योजनाहरु अगाडि ल्याउने नीतिलाई निरन्तरता दिइने छ । कृषकको जिवनस्तर उकास्न कृषक लक्षित विभिन्न कार्यक्रमहरु ल्याईनेछ । कम्तीमा एक घर एक फलफुल, एक विद्यार्थी एक फलफुल र विद्यालयमा एक शिक्षक एक फलफुल कार्यक्रम कार्यान्वयनमा निरन्तरता ल्याईनेछ ।

वातावरण स्वच्छता अभियान अन्तर्गत सिद्धलेक गाउँपालिका र गजुरी गाउँपालिकाको सिमानामा पर्ने फुर्केखोलादेखि सिद्धलेक गाउँपालिका र नीलकण्ठ नगरपालिकाको सिमानामा पर्ने च्याँडुखोला सम्म सडकको दुवैतर्फ खाली रहेका ठाउँहरुमा विभिन्न बिरुवाहरु वृक्षारोपण गरी **"हरियाली**

**सिद्धलेक सुन्दर सिद्धलेक"** बनाउने नीति ल्याइने छ । छिमेकी पालिकासँगको सिमानाहरुमा गाउँपालिकाको स्वागत गेट निर्माण भै सकेको छ ।

गाउँपालिकाभित्र निर्माण भएका खेल मैदानहरुको संरक्षण र व्यवस्थित गर्दै **एक वडा एक खेल मैदान** निर्माण गर्ने नीतिलाई निरन्तरता दिइने छ । **"उज्यालो सिद्धलेक"** अभियानलाई सार्थकता दिन परेवाटारदेखि कालिदहसम्म कालुपाण्डे राजमार्गका बस्तीमा जडान गरिएका सडक बत्तिलाई मर्मत सम्भार गरिनेछ र यसलाई निरन्तरता दिन समुदाय र गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिने नीतिलाई निरन्तरता दिइने छ । पालिकाभित्र रहेका विद्युतका काठका पोलहरु पूर्णरुपमा विस्थापित गरिनेछ । यसै अभियानलाई सार्थकता दिन मासिक २० युनिटसम्म खपत गर्ने सिद्धलेकभित्रका नागरिकको विद्युत महशुल पालिकाले व्यहोर्ने नीतिलाई आगामी वर्षमा पनि निरन्तरता दिइने छ ।

सिद्धलेक गाउँपालिका भित्र रहेको धार्मिक सास्कृतिक र ऐतिहासिक महत्वको क्षेत्रहरुको पहिचान गरी इतिहास,धर्म, संस्कृति, संरक्षण सम्वर्द्धन गर्ने, दस्तावेजीकरण गर्ने, तिनको प्रचार प्रसारको निम्ति आवश्यक कार्ययोजनाहरु बनाउने, विकास र विस्तार गर्ने पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धनका निम्ति सम्भाव्यता अध्ययन गर्ने, दस्तावेजीकरण गर्न कार्यहरुको निरन्तरता दिइने छ ।

गाउँपालिका भित्रको विविध भेष भाषा, कला, संस्कृतिको संरक्षण गर्दै तिनीहरुका विकास विस्तार संरक्षण र प्रवर्द्धन गर्ने कार्यको रणनीति बनाइने छ ।

आदरणीय सभासदहरु

अव म सिद्धलेक गाउँपालिकाको आ.व.२०८०।०८१ को लागि क्षेत्रगत तथा विषयत रुपमा प्रस्तावित नीतिहरु प्रस्तुत गर्दछु ।

## आर्थिक विकास तर्फ

सम्वृद्धिमा पुग्ने मार्ग नै आर्थिक विकास भएकोले सिद्धलेकवासीको आयआर्जनमा वृद्धि गर्न आवश्यक छ । उत्पादनमा वृद्धि गर्न उच्च प्रविधिको प्रयोगमा रोजगारी सृजना व्यवसायी मैत्री

वातावरण कृषि क्षेत्रमा व्यवसायिक  साथै नागरिकको जिवनस्तरमा सुधार आजको प्रमुख आवश्यकता हो । कृषिजन्य वस्तुहरुको आयाथलाई निरुत्साहित गर्दै निर्यातलाई गुणात्मक रुपमा वृद्धि नगर्दा सम्म सिद्धलेकको आर्थिक विकास सम्भव छैन् । तसर्थ सिद्धलेक गाउँपालिकाले आर्थिक विकासको लागि आ.व २०८०/०८१ मा निम्न बमोजिमको नीति तथा कार्यक्रम ल्याएको छ ।

१. पालिकास्तरीय उत्पादनशिल क्षेत्रमा आयोजना तथा योजनाहरुको छनोट गरी आ.व. २०८०/८१ मा कार्य सूरु गर्ने नीति लिईनेछ । पालिकास्तरीय  गौरवका नमूना आयोजनाहरु कार्यान्वयन गरी  स्थानीयस्तरमा रोजगारीको सिर्जना र नागरिकको जीवनस्तरमा सुधार ल्याउने नीति रहने छ ।

२. स्थानिय तहको लागि दिगो स्थानिय आर्थिक विकासका निम्ति निजि क्षेत्र, सहकारी, गैर सहकारी संस्था र स्थानीय समुदाय संग सझेदारीमा प्रभवकारी क्षमता विकास, उत्पादन वृद्धी, उद्यम विकास, बजारीकरतण, रोजगारी सृजना तथा पूर्वाधार निर्माणका कार्यक्रमहरु संचालन गरिने छ ।

३. व्यवस्थित पशुपन्छी फर्म, पोल्ट्री फर्म, मौरीपालन तथा दुग्ध उत्पादनको विकासका लागि आधुनिकीकरण र प्रविधिकरण गरी व्यवसायिक रुपमा सञ्चालन गरिनेछ । कृषिका सम्पूर्ण कार्यक्रमहरु पकेट क्षेत्र निर्धारण गरी वितरण गरिनेछ । त्यसका लागि उत्पादनमुखी अनुदान कार्यक्रमको निर्देशिका बनाई लागु गरिनेछ ।

४. कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि उन्नत विउ विजन, प्रविधिको उपयोगको लागि चेतना वृद्धि तथा मिनि टिलर लगायतका आधुनिक कृषि उपकरणहरु कृषकलाई अनुदान सहयोग गर्ने र तरकारी खेती, फलफूल खेती आदिमा आत्मनिर्भर बनाउन कृषकहरुलाई कृषि प्राविधिकसम्मको पहूँचको सुनिश्चितता गरिने नीतिलाई निरन्तरता दिइने छ ।

५. सहकारीहरुको अनुगमन गरी अद्यावधिक अवस्थाका वारे जानकारी लिने तथा सहकारीको वार्षिक प्रतिवेदनहरु अनिवार्य रुपमा गाँउपालिकामा दर्ता गर्ने प्रणाली लागू गरिनेछ । किसानहरूलाई उनीहरूको आम्दानीको केही प्रतिशत रकम बचत गराउन सहकारीले

प्रोत्साहन गर्नेछ । सहकारीहरु तथा पालिकाको लगानीमा व्यवस्थित कृषि बजारको डि.पि.आर. तयार गरी निर्माण प्रक्रिया आरम्भ गरिनेछ।

६. व्यापार व्यवसाय दर्ता तथा नवीकरण गर्न कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम ल्याइनेछ । यसका लागि उद्योग वाणिज्य संघसँग सहकार्य गरिनेछ। गाउँपालिकाभित्र व्यवसाय दर्ता गर्दा महिलाको नामबाट दर्ता गरिएमा दर्ता शुल्कमा ५० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

७. उद्योगीहरुलाई उद्योग खोल्न प्रोत्साहन गर्ने, सहजीकरण गर्ने र उचित वातावरण निर्माण गरिनेछ ।

८. पर्यटकीय क्षेत्र प्रवर्द्धनको लागि यस वर्ष सिद्धलेक ढेवालेक क्षेत्र तथा कुम्पुर टावर क्षेत्र प्रवर्द्धन गर्ने, त्रिशुली नदीमा र्‍याफ्टिङ प्रवर्द्धन गर्ने, सम्भाव्य पर्यटकीय ठाँउमा पुग्न पदमार्ग निर्माण तथा व्यवस्थित गरिनेछ ।

९. प्राथमिकता तथा आवश्यकताको आधारमा सडक, सामुदायिक भवन, सिंचाई, विद्यालय भवन, सार्वजनिक शौचालय, मठ मन्दिर, मरणघाट, स्वास्थ्य चौकी भवन, यात्रु प्रतिक्षालय, खेल ग्राउण्ड निर्माण, ग्रामिण विद्युत विस्तार, कृषि सामाग्री संकलन केन्द्र तथा पशु हाटबजार निर्माण, पोखरी निर्माण तथा चौतारा, धाराकुलो, खोलाकिनारा संरक्षण र सम्वर्द्धन गर्ने नीति लिईनेछ ।

१०. अध्यक्ष उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ र त्यस मार्फत उद्यमशील युवाहरुलाई प्रोत्साहन गरिनेछ ।उद्यमशील किसानहरुलाई उत्प्रेरित गर्न “अध्यक्ष किसान भेटघाट र पालिका किसान सहकार्य” कार्यक्रम सञ्चालन गरिनेछ ।

११. गाउँपालिकाभित्रको गरिव घरधुरीको पहिचान गरी विशेष राहतका कार्यक्रम ल्याईनेछ ।

१२. गरिव किसान र मजदुर वर्गको परिवारलाई बाह्रै महिना खान पुग्ने उचित अवसर र श्रोतको पहिचान गर्न रणनैतिक योजना तर्जुमा गरी कार्यक्रम लागू गरिनेछ ।

१३. सिद्धलेक युवा उद्यमशील अभियान सञ्चालन गरिनेछ । पालिका भित्रका युवाहरुलाई स्वरोजगार बनाउने सीपविकासका कार्यक्रमहरु लघुजल विद्युत, सहायक प्लमवर,

मोटरसाइकल मेकानिक, कम्प्युटर हार्डवयर टेक्निसियन र ड्राइभिङ आदि जस्ता सीपयुक्त विषयहरुमा तालिम दिइ सक्षम जनशक्ति निर्माण गर्ने नीति लिइने छ ।

१४. थप पालिकास्तरीय एव वडा स्तरीय गौरवका आयोजनाहरु छनोट गरी आ.व. २०८०।०८१ मा कार्यान्वयन गरिने छ । यसबाट स्थानीयस्तरमा रोजगारीको सिर्जना भई नागरिकको जीवनस्तरमा सुधार गर्न मद्दत पुग्नेछ ।

## पूर्वाधार विकासतर्फ

१. सिद्धलेकको समुन्नतीको लागि सबैभन्दा ठूलो आधारको रुपमा रहेको भौतिक पुर्वाधार क्षेत्रको व्यवस्थित विकासका लागी निर्माण गरिने एकीकृत गाउँ विकास गुरुयोजना प्राथमिकताका आधारमा तिनै तहका सरकार बीच समन्वय गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

२. जनतामा विकास आयोजनाहरुको अपनत्व अभिबृद्धि गर्न “सह–लगानीका आयोजनाहरु” लाई प्रमुख प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । सम्भावना सहजता र पहुँचका आधारमा होमस्टे सञ्चालन गर्ने नीति लिईनेछ ।

३. गाउँपालिका क्षेत्रभित्रका खुल्ला स्थानहरुमा वाटर फाउन्टेन, झरना, बगैंचा, नर्सरी, साना जातका बृक्षरोपण, तालतलैया र सिमसार क्षेत्रको संरक्षण व्यवस्थापन, स्थानीय पहिचान दिने कलाकृति निर्माण, प्रवर्धन, विश्राम स्थल निर्माण, सञ्चालन र व्यवस्थापनमा सा.नि.सा. अवधारणामा टोल विकास संस्थाहरु, स्थानीय क्लव, निजी क्षेत्र र स्थानीय संघ संस्थाहरुको समन्वय र साझेदारीमा कार्यान्वयन गरिनेछ ।

४. पालिका क्षेत्रभित्र सञ्चालन हुने विभिन्न निर्माण आयोजनाको गुणस्तर नियन्त्रणको लागि ल्याव र ल्याव परीक्षणको व्यवस्था मिलाईने छ ।.

५. पूर्वाधारको नियमित मर्मत सम्भार, सञ्चालन, संरक्षण एवम् सञ्चालन गर्न टोल विकास संस्था, समुदाय र उपभोक्ता समितिलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

६. विभिन्न भौतिक संरचना र पूर्वाधारलाई राष्ट्रिय मापदण्ड अनुरुप निर्माणमा प्राथमिकता दिईनेछ ।

७. गाउँपालिकाको मुख्य ५ वटा सडकहरुलाई नमूना सडक घोषणा गरी स्तरोन्नती र कालोपत्रे गर्ने काम प्राथमिकतामा राखिनेछ । पृथ्वी राजमार्गबाट वडा नं. ७ जोड्ने पक्की पुल सञ्चालनमा आएपछी सो पुलसँगै जोडिएका सडकहरु स्तरोन्नती गर्ने कार्य अगाडी बढाउनुका साथै सबै सडकहरुलाई गाउँपालिकाको सडक सञ्जालमा जोडिनेछ ।

८. बस्ती र वडा जोड्ने सडकलाई प्राथमिकता दिईनेछ । सडक निर्माण कार्य गर्दा क्षति कम हुने र सुरक्षाको दृष्टिकोणले सवल ठाउँमा सडकहरु निर्माण गरिनेछ ।

९. यस अघी खोलिएका सडक ट्रयाकहरुको स्तरोन्नती गरी व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ । आवश्यकता र प्राथमिकताका आधारमा मात्र नयाँ ट्रयाक खोल्ने नीति लिईनेछ ।

१०. वास्तविक कृषि उत्पादन हुने क्षेत्रको पहिचान गरी सो क्षेत्रमा उत्पादित हुने वस्तुलाई नजिक बजारसम्म पुऱ्याउन सहज हुने कृषि सडक निर्माणमा जोड दिईनेछ ।

११. गाउँपालिका स्तरीय योजनाको मर्मत सम्भार गर्न मर्मत सम्भार इकाईको स्थापना गर्ने र सोही इकाई मार्फत कार्य सम्पादन गर्ने नीति लिनुका साथै भुक्तानी हुने योजनाहरुको न्युनतम अंश मर्मत सम्भार कोषमा जम्मा गर्ने र सोही कोषबाट सडक मर्मतको लागि सो रकम प्रयोग गरी दिगो विकासका नीति अख्तियार गरिनेछ ।

१२. चालू आर्थिक बर्षमा शुरु गरिएको सडक बत्तिलाई थप व्यवस्थित बनाईनेछ । गाउँपालिकाभित्रको विद्युत मर्मत सम्भार तथा रेखदेख तथा थप विस्तारको लागी एकजना इलेक्ट्रिसियनको व्यवस्था गरिनेछ।

१३. समुदायले सञ्चालन गरिरहेको सामुदायिक विद्युतीकरणलाई क्रमशः विद्युत प्राधिकरण अन्तर्गत ल्याउने प्रयास गरिनेछ ।

१४. यस आ.व मा वडा नं. १,४ र ७ को वडा कार्यालय भवन निर्माण गरिनेछ ।

## भवन तथा बस्ती विकास

१. गाउँपालिकाले आफ्नै भवन निर्माण मापदण्ड बनाई वस्ती तथा घरहरुलाई व्यवस्थित गरिनेछ । गाउँपालिकाको शहरोन्मुख क्षेत्रमा भवन निर्माण आचारसंहिता पूर्ण रुपमा पालना हुनेगरी भुकम्प प्रतिरोधात्मक भवन निर्माण कार्यलाई कडाईका साथ लागू गरिनेछ ।

२. नयाँ बन्ने भवनहरूलाई अनिवार्य पालिकाको स्वीकृति लिनुपर्ने व्यवस्था गरिनेछ । यसअघि निर्माण भईसकेका भवनको हकमा दिईएको म्यादभित्र आवश्यक शुल्क तथा जरिवाना लिई एक पटकलाई नक्सा अभिलेखीकरण गरी थप भवनहरुको अभिलेखिकरण कार्यहरुलाई अगाडी बढाईने नीति लिईनेछ ।

३. प्राकृतिक विपत्ति तथा सडक पूर्वाधारका कारण जोखिममा परेका घर वा बस्ती संरक्षण गर्ने कार्यलाई प्राथमिकतामा राखी आवश्यक परेको क्षेत्रमा भु–संरक्षणका उपायहरु अबलम्वन गर्दै बायो इन्जिनियरिङ प्रविधिबाट समाधानका उपायहरु खोजिनेछ ।

## खानेपानी तथा सरसफाई

१. गाउँपालिकाबाट टोल विकास संस्थाको क्षेत्रभित्र “आफ्नो घर र टोल आफैं सफा राखौं, सफा टोल सफा गाउँ, ग्रीन सिद्धलेक क्लिन सिद्धलेक” अभियान सञ्चालन गरिनेछ ।

२. एक घर एक धाराको राष्ट्रिय नीतिलाई यस गाउँपालिकाले पनि मुख्य खानेपानी नीतिको रुपमा लिई अव्यवस्थित खानेपानीलाई व्यवस्थित गर्दै स्रोतको खोजी गर्नेगरी खानेपानी आयोजनाहरू सञ्चालन गरिनेछ ।

३. गाउँपालिकामा रहेका विभिन्न खानेपानी श्रोतको पहिचान गरी संरक्षण र श्रोत व्यवस्थापनलाई प्राथमिकतामा राखी तत्काल गर्नुपर्ने मर्मत तथा सुधारमा जोड दिईनेछ । यस सम्बन्धी सेवा प्रवाहको लागि गाउँपालिकामा खानेपानी तथा सरसफाई व्यवस्थापन शाखाको छुट्टै व्यवस्था गरिनेछ ।

सिद्धलेक गाउँपालिका

४. डिप बोरिङको मर्मत सम्भार साथसाथै खानेपानी अभाव भएको ठाउँमा लिफ्ट खानेपानी निर्माणमा जोड दिईनेछ । यस्ता आयोजनाहरुमा लाग्ने विद्युत महसुलमा उपभोक्ताहरुलाई बिशेष अनुदानको व्यवस्था गरिनेछ।

५. यस गाउँपालिकाभित्र अव्यवस्थित फोहोरमैलालाई व्यवस्थित गर्न डम्पिङ साईटको खोजी गरी निर्माण कार्य अगाडि बढाईनेछ । यसै आ.व मा ७ वटै वडामा एक/एक वटा डम्पिङ साइडको व्यवस्था गरिने छ ।

६. यस सिद्धलेक गाउँपालिकाभित्र रहेका खानेपानी समस्या ग्रस्त वस्तिहरुमा खानेपानी उपलब्ध गराउनको लागि हालसम्म गरिएका विस्तृत परियोजना प्रस्ताव (DPR) अनुसार कार्यान्वयन गरिनेछ ।

७. पिपलटार आदमटार वृहत खानेपानी योजना यसै वर्ष भित्रमा सम्पन्न गरिनेछ ।

८. ऐतिहासिक पधेंरो र धाराहरुको संरक्षणमा विषेश ध्यान दिइने छ ।

## पर्यटन

१. सिद्धलेक गाउँपालिकाको भौगोलिक अवस्थित र यस क्षेत्रमा भएका प्राकृतिक सुन्दरता र उत्पादनसंग जोडेर कृषि पर्यटन, खेलकुद पर्यटन र जल पर्यटनको लागि आवश्यक पूर्वाधार तयार गर्नको लागि विशेष पहल गरिने छ ।

२. सिद्धलेक गाउँपालिका अन्तर्गतका वडाहरुमा पर्यटन संभाव्यता अध्ययन गरि एक वडा एक पर्यटन क्षेत्र निर्माण गरिने छ ।

३. गाउँ क्षेत्रको धार्मिक सांस्कृतिक ऐतिहासिक पर्यटनको समग्र विकास गर्न सरोकारवालाहरु सँग समन्वय गर्ने नीति अवलम्बन गरिनेछ ।

४. सम्भावना सहजता र पहुँचका आधारमा होमस्टे सञ्चालन गर्ने नीति लिईनेछ ।

५. सिद्धलेक गाउँपालिकाको मौलिक साँस्कृतिक कला भेष-भुषा स्थानीय उत्पादन देशैभरी चिनाउन गाउँ महोत्सव आयोजना गरिनेछ ।

६. सिद्धलेक गाउँपालिकामा शहिदहरुको स्मृति पार्क निर्माण कार्यलाई निरन्तरता दिईनेछ । सिद्धलेक, ढेवालेक, साततले गुफा, कुम्पुर डाँडा पर्यटन विकासका लागि सम्भाव्यता बोकेको क्षेत्रहरु भएकाले डि.पि.आर. सम्पन्न भईसकेको र योजना कार्यान्वयनलाई अगाडि बढाईनेछ । सहजताको लागि निजी क्षेत्रसँग पनि समन्वय र सहकार्य गरिनेछ ।

७. असल पर्यटन अभ्यास (Good Tourism Practice) को मापदण्ड निर्धारण र कार्यान्वयन गरिनेछ ।

८. पैदल मार्ग, साइकल मार्ग तथा पर्यटनको सम्भाव्यता अध्ययन गरी व्यवस्थित गरिनेछ ।

९. सिद्धबाबा - थान, ढेवालेक लगायत पर्यटकीय क्षेत्रहरुमा सेड निर्माण, खानेपानी लगायत पूर्वाधार निर्माण गरी पिकनिक स्थलको रुपमा विकसित गरिनेछ ।

१०. विश्व भागवत धाम नेपालको कोष स्थापना गरी धार्मिक क्षेत्रको विकास गरिनेछ।

११. विश्वमै दुर्लभ मानिएको काँडे भ्याकुर हाम्रै सिद्धलेक गाउँपालिकाको ढेवालेक सामुदायिक बनक्षेत्रमा पाईने भएकोले सो को संरक्षणको लागि विषेश पहल गरिने र उक्त क्षेत्रलाई वन पर्यटनको रुपमा विस्तार गरिने छ ।

## सिंचाई तर्फ

१. खेतीयोग्य जमिनलाई साना मझौला र ठूला सिंचाई योजना पहिचान गरी सिंचाई योजनाको प्रक्रिया अगाडी बढाईनेछ । कृषि उत्पादनको पकेट क्षेत्रमा सिंचाईको प्रविधि सहितको व्यवस्था गरिनेछ ।

२. सिद्धलेक गाउँपालिकाको उच्च भूभागमा प्लाष्ट्रिक पानी पोखरी (Rain Water Harvesting Pond) निर्माण गरी थोपा सिंचाई योजना प्रारम्भ गरिने छ ।

३. थोपलखोला, च्याङुखोला, त्रिशुली र वुढी गण्डकीबाट उच्च प्रविधि मार्फत पानी लिप्ट गरी सुख्खा टारहरु र सम्भावित कृषियोग्य जमिनमा सिंचाई गर्नको लागि (DPR) गरिने छ ।

४. साना तथा मझौला सिंचाई कुलोहरुको बाँध निर्माण र स्तरोउन्नती गरी श्रोतको सुनिश्चितता गरिने छ ।

## कृषि तथा पशुपालन तर्फ

उपस्थित महानुभावहरु,

१. कृषि तथा पशुपालन क्षेत्रलाई आयमुलक व्यवसाय बनाई कृषकहरुलाई आत्मनिर्भर बनाईनेछ । कृषि पेशालाई मर्यादित पेशा तथा उत्पादनशिल व्यवसायको रुपमा विकास गर्न आधुनिक कृषि प्रविधिको प्रयोग, उन्नत विउविजन, समयमै मलखादको व्यवस्था, पशुपन्छी तथा वाली बीमाको क्षेत्र विस्तार, प्राङ्गारिक खेतिको प्रवर्द्धन,पशु प्रजनन्मा उन्नत जातको नश्लसुधारको प्रयोग, खोप कार्यक्रम, कृत्रिम गर्भाधानमा कृषकको पहुँच बृद्धि, गर्ने नीति लिईनेछ ।

२. भेटेरेनरी ल्यावको स्तरोन्नती गर्दै पशुपन्छीमा लाग्ने विभिन्न रोगहरुको पहिचान तथा परीक्षणको दायरा विस्तार गरी समयमा नै औषधी उपचारको व्यवस्था मिलाईनेछ ।

३. माटो परीक्षणको लागि मिनि प्रयोगशाला सञ्चालन गरी कृषकहरुलाई माटोको गुणस्तर र हावापानी अनुकुल खेती गर्न प्राविधिक सेवा उपलव्ध गराईनेछ ।

४. कृषि प्रणालीलाई व्यवसायीक बनाउन उन्तत जातको बीउहरुको प्रयोगको साथै व्यावसायीक फलफुल, तरकारी खेतीको प्रवर्द्धन साथै पशुपालन क्षेत्रमा गाई/भैंसी तथा बाख्रा, बंगुर र पन्छीपालन लागत साझेदारीमा गरिने नीति लिईनेछ ।

५. **"बाँझो जग्गाको सदुपयोग, उत्पादनमा सहयोग"** भन्ने सोचलाई आत्मसात गरी बाँझो जग्गाको सदुपयोग गर्न, खाद्य संकटलाई न्यूनिकरण गर्न घाँसमा आधारित पशुपालन क्षेत्रलाई टेवा पुर्‍याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

६. व्यवसायिक तरकारी तथा फलफुल र कृषिवाली तथा पशुपालनको पकेट क्षेत्र निर्धारण गरी एक वडा एक पकेट क्षेत्र निर्माण गरिनेछ ।

७. रासायनिक विषादीको प्रयोग न्युनिकरण गर्न जैविक विषादिको प्रयोगमा प्रोत्साहन गरिने नीति लिईनेछ । दीगो तथा सहज कृषि विकासका लागि आवश्यक रणनीति तर्जुमा गर्न अध्ययन अनुसन्धान गरिनेछ ।

८. उत्पादन साथमा अनुदान हातमा भन्ने नेपाल सरकारको नीति अनुरुप सिद्धलेक गाउँपालिकाले पनि यसै वर्ष देखि उत्पादनमा आधारित रहि कृषकहरुलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।

९. कृषकहरुलाई उत्पादनसंग र उत्पादनलाई बजारसंग जोडी कृषिजन्य उत्पादनको बजारीकरण गरी कृषकहरुलाई सिधै बजारसंग जोड्ने कार्यलाई प्राथमिकता दिइने छ । साथै कृषकहरुले उचित मूल्यमा पाउने अवस्थाको सृजना गरिने छ ।

१०. कृषि समूह तथा कूषि सहकारीहरु संग समन्वय गरी कृषिजन्य उत्पादन संकलन केन्द्रहरु निर्माण गरिनेछ ।

११. कृषिवाली बिमा तथा पशुबिमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विशेष पहल गरिने छ ।

१२. कृषि तथा पशुपालन क्षेत्रमा विवरणमूखि कार्यक्रमलाई निरुत्साहित गर्दै परिणाममूखी वनाउनको लागि लागत साझेदारी युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३. यसै आ.व मा कृषि एम्वुलेन्सको व्यवस्था मिलाईने छ ।

## वातावरण तथा विपद् व्यवस्थापन

१. विपद् व्यवस्थापनको लागि प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा वडा विपद् व्यवस्थापन समिति र गाउँपालिका अध्यक्षको संयोजकत्वमा पालिकास्तरीय विपद व्यवस्थापन समिति परिचालन साथै अनुकुल विपद् ऐन निर्माण गरिनेछ । प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन सम्बन्धी जनचेतना विस्तारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. प्राकृतिक एवं गैर प्राकृतिक प्रकोपबाट उत्पन्न विपद व्यवस्थापनका निम्ति सबै वडाहरुमा विपद् व्यवस्थापन उद्धार समिति निर्माण गरिनेछ ।

३. गुनासो फाराम भरेका तर राहतबाट वञ्चित भएका २०७२ को भूकम्प पीडितहरुलाई आवास निर्माणका निम्ति सम्बन्धित निकायमा पहल गरी आवास निर्माणलाई सहयोग पुऱ्याउने नीति लिईनेछ ।

सिद्धलेक गाउँपालिका

४. “अध्यक्ष र उपाध्यक्ष राहत कार्यक्रम” अघि बढाईने नीति लिईनेछ ।

५. सिद्धलेक गाउँपालिका भित्र प्रकोप र विपद्को दृष्टिकोणले कुन स्थान जोखिमयूक्त हुन् ती सवै स्थानको पहिचान गरी अति जोखिमयूक्त स्थल (Red Zone) को रुपमा सूचिकृत गरिने छ ।

६. विपद् जोखिम न्यूनिकरणको लागि समुदायस्तरमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७. प्रत्येक वडामा विपद् प्रतिकार्य समुह गठन गरि आवश्यकता अनुसार परिचालन गरिने छ।

८. गाउँपालिकामा विपद्, वन र वातावरण शाखा स्थापना गरि विपद्को समयमा तत्काल आवश्यक पर्ने अत्यावश्यक राहत सामाग्रीहरु भण्डारणकव व्यवस्था गरिने छ । साथै प्रत्येक वडामा समेत अत्यावश्यक राहत सामाग्रीहरु भण्डारणको व्यवस्था गरिने छ ।

९. प्रतिकार्य समूहलाई आवश्यक PPE र तालिमको व्यवस्था गरिने छ ।

१०. विपद्जन्य घटनाका कारण व्यक्ति तथा समुदायलाई विपद् व्यवस्थापन सम्वन्धी ऐन तथा कार्यविधी अनुसार राहत उपलब्ध गराईनेछ । साथै आवश्यकता अनुसार राहत, पुनर्वास तथा पुनर्स्थापनाको लागि विशेष पहल गरिने छ ।

## वन, जलाधार, वन्यजन्तु र जैविक विविधता

१. वन क्षेत्रलाई स्थानीय तहको आर्थिक स्रोतको एउटा प्रमुख आधार बनाईनेछ ।निजी वनलाई प्रोत्साहित गर्दै वनमा आधारित उद्योग स्थापनालाई प्राथमिकता दिइनेछ ।

२. खाली जमिन, सडकका दायाँ–बायाँ, विद्यालय, खुल्ला चौर, भिरालो जमिन आदिमा बृक्षरोपण गरिनेछ । **“एक घर, एक रुख, एक गाउँ, एक वन, एक पालिका, अनेक उद्यान”** कार्यक्रम लागू गरिनेछ ।

३. दुर्लभ र लोपोन्मुख वन्यजन्तु र पंक्षीहरुको संरक्षणमा बिशेष ध्यान दिईनेछ । बन क्षेत्रमा डडेलो लगाउने व्यक्तिको सूचना दिने व्यक्तिलाई पुरस्कार र दोषीलाई कानुनी दायरामा ल्याइनेछ ।

४. घर तथा कलकारखानाहरुबाट निस्कने फोहोरको उचित व्यवस्थापनका उपायहरु अबलम्बनका साथै फोहोर उत्सर्जनका लागि निश्चित नियमहरुको व्यवस्था गरिने छ ।

५. स्थानीय तहका महत्वपूर्ण नदी नाला, ताल तलैयाहरुलाई प्रदुषणमुक्त गर्न अभियानको रुपमा प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

६. प्राकृतिक सम्पदाहरुको क्षयीकरणबाट बचाउनका निम्ति त्रिशुली बचाउ अभियान, थोपल बचाउ अभियान जस्ता विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७. थोपल खोला, च्याँडुखोला लगायत नदीबाट हुने नदी कटानका समस्या लाई दीर्घकालीन रुपमा समाधान गर्न तटबन्धन कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।

८. गाउँपालिका क्षेत्रभित्रका खुल्ला स्थानहरुमा वाटर फाउन्टेन, झरना, बगैचा, नर्सरी, साना जातका बृक्षरोपण, तालतलैया र सिमसार क्षेत्रको संरक्षण व्यवस्थापन, स्थानीय पहिचान दिने कलाकृति निर्माण, प्रवर्द्धन, विश्राम स्थल निर्माण, सञ्चालन र व्यवस्थापनमा टोल विकास संस्थाहरु, स्थानीय क्लव, निजी क्षेत्र र स्थानीय संघ संस्थाहरुको समन्वय र साझेदारीमा कार्यान्वयन गरिनेछ ।

९. वातावरण मैत्री पूर्वाधार, विपद व्यवस्थापन तथा वातावरण प्रदुषण नियन्त्रमा जोड दिइनेछ ।

## शिक्षा, युवा तथा खेलकुद

१. गुणस्तरीय शिक्षाको लागि भौतिक पूर्वाधार र आर्थिक सम्पन्नता मात्र प्रर्याप्त हुदैन जवसम्म बालमैत्री शिक्षकमैत्री सहित उपयुक्त शैक्षिक वातावरण हुदैन तवसम्म शिक्षामा

गुणस्तर आउँदैन । तसर्थ यस आ.व २०८०/०८१ बाट "रमाइलो कक्षा ,गुणस्तरीय शिक्षा" (Happy class  Room For quality Education)  कार्यक्रम लागु गरिने छ ।

२. प्रत्येक माध्यामिक विद्यालयमा "एक माध्यामिक विद्यालय एक नर्स" को व्यवस्था गरिने छ ।

३. भूमीहिन तथा सुकुम्वासी समुदायका बालबालिकाहरुको पढाईमा लाग्ने सम्पूर्ण खर्च निशुल्क गरिने छ ।

४. बालविकास शिक्षक तथा विद्यालय कर्मचारीको लागि थप गरिएको पारिश्रमिकलाई निरन्तरता दिइने छ ।

५. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि गर्न विगतका आर्थिक वर्षहरुमा तय गरिएका कार्यक्रमहरुलाई आवश्यकता अनुसार परिमार्जन सहित निरन्तरताका साथै नयाँ थप गर्दै लगिने छ ।

६. प्रविधिमैत्री शिक्षण प्रक्रियामा प्रोत्साहन गर्ने र सिकाईमा नविनतम प्रविधिको प्रयोग गरी पठनपाठन गर्न शिक्षक तथा विद्यालयहरुलाई प्रोत्साहन गरिने छ ।

७. विद्यालयको प्रविधि मैत्री शैक्षिक व्यवस्थापन प्रणालीलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनको लागि सबै विद्यालयहरुलाई कम्तिमा एउटा कम्प्युटर व्यवस्था गर्ने साथै अनलाइन लेखा प्रणालीको विकासको लागि आवश्यक प्रबन्ध मिलाइने छ ।

८. आधारभूत तह कक्षा (१-५) को सबै कक्षमा स्थानीय पाठ्यक्रम तयार गरी लागू गरिने छ ।

९. प्रविधि मैत्री शिक्षणलाई व्यवस्थित बनाउनको लागि तालिमको व्यवस्था गरिने छ ।

१०. भौतिक पूर्वाधारको विकास कम भएका विद्यालयहरुलाई पूर्वाधार विकासमा जोड दिइने छ ।

११. सामुदायक विद्यालयको कक्षा ११ र १२ लाई यसै आ.व देखि निशुल्क गरिने छ ।

१२. सामुदायिक विद्यालयहरुमा साझेदारीमा बस व्यवस्थापनको लागि अनुदान उपलब्ध गराउने नीति लिइने छ ।

१३. गरिब, जेहेन्दार तथा लक्षित वर्ग, प्राविधिक शिक्षा तथा उच्च शिक्षाका विद्यार्थीहरुलाई दिईने  छात्रवृत्तिकोष स्थापना तथा व्यवस्थापन गरी निरन्तरता दिईने छ ।

१४. एक माध्यमिक विद्यालय एक उद्यम कार्यक्रम तथा पढ्दै कमाउदै कार्यक्रमको सुरुवात गरिने छ ।

१५. गाउँपालिका भित्रका विद्यालयहरुमा घुम्ती रुपमा हेर्ने गरी एक खेल शिक्षक र एक संगीत शिक्षकको व्यवस्था गरिने छ ।

१६. विद्यालयमा कम्प्युटर प्रिन्टर लगायतका इलेक्ट्रोनिक्स सामाग्रीहरुको मर्मत सम्भारको लागि विशेष व्यवस्था गरिने छ ।

१७. आमा बाबु बिहिन बालबालिकाहरुको लागि दिइदै आएको छुट्टै प्रकृतिको छात्रवृत्तिलाई थप व्यवस्थित बनाइने छ ।

१८. बालवालिकाहरुको प्रतिभा प्रष्फुटन गर्न शैक्षिक मेला तथा प्रर्दशनिको व्यवस्था गरिने छ ।

## स्वास्थ्य तथा समाज कल्याण

१. ५ वर्ष मुनिका बाबालिकाहरुलाई दिईने खोपको पूर्ण सुनिश्चितता गरिनेछ ।

२. बालबालिकाहरुको लागि आँखा, कान, तथा दन्त शिविर संचालन गरिनेछ ।

३. समुदायमा रहेको जल्दो बल्दो मानसिक समस्याहरुलाई न्यूनिकरण गर्न गाउँपालिकामा औषधी सहित एक मनोसामाजिक कर्ता व्यवस्थापन गरि मनोपरामर्श सेवा संचालन गरिनेछ ।

४. अपाङ्ग तथा अशक्तहरुको लागि चाहिने आवश्यक सामाग्रीको व्यवस्थापन गरिनेछ ।

५. आयुर्वेद सेवा अत्यावश्यक सेवा भएकोले आगामी आ.व.मा  प्रत्येक वडामा सेवा विस्तार गर्ने नीति लिइने छ ।

६. मानव स्वास्थ्यको निम्ती योगा तथा आयुर्वेद सेवा आवश्यक हुने भएकाले यस्ता कार्यक्रमहरुलाई वडा तह सम्म  विस्तार गर्ने नीति लिइने छ ।

७.	हाल समुदायमा देखिएको नसर्ने  रोगहरुको न्यूनिकरण गर्न समुदायमा जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।

८.	जेष्ठ नागरिक तथा दिर्घ रोगीहरुलाई निशुल्क आबश्यक औषधीहरु वितरण गरिनेछ ।

९.	स्वास्थ्य संस्थाहरुको स्तर बमोजिम स्वीकृत दरबन्दि अनुसार जनशक्ति व्यवस्थापन नियमित औषधि तथा उपकरण आपूर्तिलाई सुनिश्चित गरिने छ।

१०.	जेष्ठ नागरिक स्वास्थ्य स्याहार कार्यक्रमलाई निरन्तरता दिँदै स्वस्थ्य बालबालिका प्रतियोगिता कार्यक्रम सञ्चालन गरिने छ ।

११.	पूर्णखोप दिगोपनको कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ । कोभिड–१९ बिरुद्धको खोप अभियानलाई निरन्तरता दिइने छ ।

१२.	सबै सुत्केरी महिलाहरुलाई पोषणको लागि “सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम” लागू गरिने छ साथै सुत्केरी महिलाहरुलाई थप यातायात खर्च दिने कार्यक्रमलाई निरन्तरता दिनेछ ।

१३.	सुरक्षित प्रसुती सेवालाई प्रोत्साहन गरिनेछ । घरैमा सुत्केरी हुने अवस्थालाई शुन्य गर्दै मातृ तथा नवशिशु मृत्युदर कम गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । गर्भवती र सुत्केरी महिलाहरूलाई दिईने सेवामा बढोत्तरी गरिनेछ ।

१४.	सवै नागरिकहरुलाई स्वास्थ्य संस्था सम्मको पहुँच सुनिश्चित गरिनेछ । प्रजनन स्वास्थ्यको लागि विशेषज्ञ सहितको स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

१५.	कुपोषणको समस्या तथा न्यूनिकरणको लागि समुदायस्तरमा र विद्यालयहरुमा आमा समुह र शिक्षकहरु विच प्रभावकारी कार्यक्रम सञ्चालन गरिने छ ।

१६.	प्रसुती केन्द्र तथा स्वास्थ्य संस्थाहरुमा एम्बुलेन्सको व्यवस्था गरी प्रेषण गर्नु पर्ने जटील प्रसुती तथा नवजात शिशुहरुका लागि आवश्यकताको आधारमा  निशुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

१७.	गर्भवती महिलाहरुको स्वास्थ्यलाई विशेष ध्यानमा राख्दै ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई   निरन्तरता दिईने छ ।

१८.	प्रत्येक परिवारको पारिवारीक स्वास्थ्य बिमा क्रमशः अगाडि बढाईनेछ ।

१९.	सिद्धलेक गाउँपालिकाको लागि एम्वुलेन्स यसै आ.व मा खरिद गरिने छ ।

## सामाजिक विकास

उपस्थित महानुभावहरु,

१. विपन्न र सिमान्तकृत समुदायका बेरोजगार युवाहरुलाई आयमूलक व्यवसायिक तालिममा सहभागी गराई रोजगार उन्मुख बनाईनेछ । सीप विकासका तालिम प्राप्त गरी रकम अभावका कारण व्यवसाय सञ्चालन गर्न कठिनाई भएका युवाहरूलाई सहकारीमार्फत ऋण लिन प्रोत्साहित गराइनेछ ।

२. गाउँपालिकाभित्रका बालवालिकाहरूको पोषण, स्वास्थ्य शिक्षा सहितको बालअधिकारको प्रत्याभूती दिइने गरी कार्यक्रम सञ्चालन गरिनेछ । सिद्धलेक गाउँपालिकालाई सडक बालवालिका मुक्त बनाईने छ ।

३. अपाङ्ग, असक्तहरूलाई दिईरहेको सेवालाई निरन्तरता दिइनेछ । अपाङ्गहरूको जीविकोपार्जनका लागि उनीहरूको अवस्था अनुसार जीवनोपयोगी सीप तथा प्रविधि सम्वन्धी तालिमको व्यवस्था गरिनेछ ।

४. गाउँपालिकाभित्र रहेका अपाङ्ग र अपाङ्गतासँग सम्बन्धित सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी गैरसरकारी क्षेत्रलाई यस कार्यमा परिचालन गरिनेछ । उनीहरुलाई सहयोगी सामाग्री उपलब्ध गराइनेछ ।

५. महिलाहरुको क्षमता विकास गरी उनिहरूलाई सामाजिक क्षेत्रमा संलग्न हुनसक्ने बनाईनेछ । महिलाहरुको जीवनस्तर तथा आयआर्जन सुधारको लागि व्यवसायिक तालिम सञ्चालन गरी व्यवसायिक बनाईनेछ ।

६. दलित, जनजाती र अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत जाति तथा मुस्लिम समुदायको सामाजिक विकासमा सक्रिय सहभागिता गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

७. सिद्धलेक गाउँपालिका भित्र रहेका भूमिहिन तथा सुकुम्वासी परिवारलाई सिपमूलक तालिम तथा रोजगारको व्यवस्था गरिने छ ।

सिद्धलेक गाउँपालिका

८. भूमीहिन तथा सुकुम्वासी परिवारको लागि गाउँपालिकाद्वारा नै श्वास्थ्य बिमाको व्यवस्था गरिनेछ ।

९. सिद्धलेक गाउँपालिका क्षेत्रको कला, साहित्य, गीत, संगीत जस्ता क्षेत्रमा प्रवर्द्धनात्मक, संरक्षणात्मक तथा अनुसन्धनात्मक कार्य गर्न शुरू गरिने छ । विभिन्न समुदायका लोपोन्मुख कला, भाषा एवम् संस्कृतिको संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. बैदेशिक रोजगारीबाट फर्किएका बेरोजगार युवाहरुको लागि उनीहरुले विदेशमा सिकेका सीप र दक्षतालाई प्रयोगमा ल्याउने गरी व्यावसायिक तालिम सञ्चालन गरिनेछ ।

११. "एकल महिला सीपविकास कार्यक्रम उपाध्यक्ष भेटघाट कार्यक्रम" सञ्चालन गरिनेछ ।

१२. सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत गाउँ–गाउँमा पुऱ्याउने नीति अवलम्बन गरिनेछ

१३. सामाजिक विकासको क्षेत्रमा सहकार्यको लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरुलाई यस गाउँपालिकामा सामाजिक क्षेत्रमा काम गर्नको लागि प्रोत्साहन र सहजिकरण गरिने छ ।

## न्याय तथा सुशासन तर्फ

१. सिद्धलेक गाउँपालिकाको काम कारबाही प्रभावकारी, चुस्त र दुरुस्त बनाईनेछ ।

२. न्यायको पहुँचभन्दा बाहिर रहेका वर्गहरुलाई न्यायको दायरामा ल्याइनेछ ।

३. न्यायिक समितिमा दर्ता भएका विवादहरुको निरुपण मेलमिलापको माध्यमबाट गरिनेछ ।

४. आधारभूत कानूनको वारेमा सरोकारवालहरुलाई कानूनी सचेतना कार्यक्रम मार्फत सुसुचित गरिनेछ ।

५. गाउँपालिकालाई आवश्यक ऐन कानून आवश्यकतानुसार निर्माण गरिने छ ।

## रोजगार सेवा केन्द्र (प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिद्धलेक गाउँपालिका

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई प्राथमिकताक्रमका आधारमा श्रममूलक आयोजना हरुमा समावेश गराई न्यूनतम रोजगारी प्रदान गरिनेछ ।

२. समग्र अर्थतन्त्रको विकासको लागि आय आर्जन, रोजगारी, राष्ट्रिय उत्पादन अभिवृद्धि गरी गरिबी न्यूनीकरण गर्न स्थानीय तहको रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३. आन्तरिक रोजगार प्रवर्द्धन र श्रम तथा श्रमिकको मर्यादा अभिवृद्धि गर्नश्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

४. रोजगार सेवा केन्द्र मार्फत रोजगारमूलक सेवा, परामर्श तथा रेफरल सेवा प्रदान गरिनेछ ।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

१. गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम मार्फत समुदायमा रहेका एकल महिला, दलित, पिछडिएका वर्ग तथा बेरोजगार व्यक्तिहरुलाई उद्यममशीलता विकास तालिम प्रदान गरी उद्यमीको आवश्यकता र चाहना बमोजिम सीप विकास तालिम प्रदान गरिनेछ ।

२. स्थानीय स्तरमा रहेका स्रोत साधनहरुको पहिचान गरी उपयुक्त स्रोत साधनलाई प्रयोगमा ल्याइनेछ ।

३. नयाँ लघु उद्यमीको आवश्यकताको आधारमा प्रविधि हस्तान्तरण गरी वित्तीय सेवामा पहुँच पुर्याइनेछ ।

४. लघु उद्यमीले उत्पादन गरेका वस्तु वा सेवाहरुको बजार व्यवस्थानमा सहजीकरण गरिनेछ ।

५. पुराना लघु उद्यमीहरुलाई स्तरोन्नति (पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम) प्रदान गरी कम्तीमा जनाको समूहमा प्रविधि हस्तान्तरण गरिनेछ।

६. अति गरिब परिवारहरुको लागि कम्तीमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना गरिनेछ

राजस्व व्यवस्थापन तर्फ

१. गाउँपालिका क्षेत्र भित्र रहेका संचालित होटल, रिसोर्ट तथा उद्योग व्यवसायहरुलाइ गा.पा.मा सूचिकृत गराइ करको दायरामा ल्याइने छ ।

२. वजार क्षेत्रमा राखिएका विभिन्न विज्ञापनहरुको होडिङ वोर्डहरुसंग सम्वन्धित विज्ञापन दाताहरुलाइ करको दायरामा ल्याउन पहल गरिने छ ।

३. IEE स्वीकृत भइ खानी संचालन अनुमती समेत लिइ सकेका दर्तावाला खानीहरुलाइ आवश्यक ऐन नियम वनाइ करको दायरामा ल्याइने छ ।

४. निजी जग्गा व्यवस्थापन अन्तरगत उप-उत्पादनको रुपमा निस्कने खनिजजन्य पदार्थलाइ आवश्यक कानूनको तर्जुमा गरी करको दायरामा ल्याइने छ ।

५. निकासी कर र दहत्तर वहत्तर ढुंगा गिट्टी बालुवा विक्री शुल्क उठाउनको लागि वेलैमा ठेक्का वन्दोवस्त गरिने छ ।

६. ढुंगा, गिट्टी, वालुवा, जडिवुटी, कुकाठ आदि निकासीलाइ व्यवस्थित गरी करको दायरामा ल्याइने छ ।

७. गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक वन र सहकारी संस्थाहरुलाई गाउँपालिकामा सूचिकृत गरी करको दायरामा ल्याइने छ र नियमन गरिने छ ।

८. वक्यौता राजस्व असुलीको लागि पहल गरिने छ।

९. आयोजनागत कार्यान्वयनको क्रममा उत्खनन् गर्दा निस्कने ढुंगा ग्राभेल बालुवा जस्ता खनिजजन्य पदार्थको संघीय कानून वमोजिम करको दायरामा ल्याइने छ।

१०. वेलामा ठेक्का वन्दोवस्त नलागेमा कर्मचारी परिचालन गरी अमानतमा कर उठाइने छ।

११. राजस्व सुधार कार्ययोजना अनुसार कर असुली प्रकृया अगाडी बढाइने छ ।

१२. गाउँपालिकाको सिमाना भएर वग्ने त्रिशुली नदीमा हुने र्‍याफ्टिङ लगायतका जलमार्गसंग सम्वन्धीत व्यवसायवाट कर संकलन गर्न छिमेकी पालिकाहरुसंग समन्वय गरिने छ

१३. गाउँपालिका भित्र रहेका श्रोत साधनको पहिचान गरी वातावरणीय रुपमा पर्न सक्ने प्रभावको अध्ययन गरि त्यस्ता श्रोत र साधनमा विक्री तथा निकासी गर्न आवश्यक ऐन कानुन बनाई कार्यान्वयन गरिने छ ।

१४. सिद्धलेक गाउँपालिका भित्र उप-उत्पादनको रुपमा निस्कने (वालुवा) खनिजजन्य वस्तुहरुको प्रशोधन गर्न पालिका भित्रै प्रशोधन केन्द्रको स्थापना र सञ्चालनको लागि सहजिकरण गरिने छ ।

## सार्वजनिक सेवा तथा क्षमता विकास

१. सबै वडा कार्यालयहरुमा सि.सी. क्यामेरा र विद्युतीय हाजिरी जडान गरिनेछ । गाउँपालिका लगायत सबै वडा कार्यालयमा सुचना केन्द्रको स्थापना र सञ्चालन गरिनेछ ।

२. सूचना प्रविधिको उच्चतम प्रयोग गरी शासकीय व्यवस्थालाई कुशल पारदर्शि र सेवाग्राही मैत्री बनाइने नीति लिइने छ ।

३. कर्मचारीहरू प्रोत्साहित भएमा मात्र सेवा प्रवाह प्रभावकारी हुन सक्छ । गाउँपालिकामा कार्यरत कर्मचारीहरूलाई प्रोत्साहन गर्नेगरी कार्यक्रमको व्यवस्था गरिनेछ । कर्मचारीहरूलाई **ICT** लगायत नविन प्रविधिको प्रयोग गर्न प्रोत्साहन गरिनेछ । लागत साझेदारीका आधारमा नविनतम प्रविधिको व्यवस्था गरिनेछ ।

४. पालिकामा रहेका कर्मचारीहरुलाई क्षमतावान बनाउन विभिन्न तालिम दिईनेछ । राष्ट्र सेवकको मनोवल उच्च बनाउन विभिन्न कार्यक्रम ल्याईनेछ ।

५. स्थानीय  कर्मचारीहरुको अवकास कोषको रुपमा कर्मचारी कल्याण कोषको व्यवस्था गर्न र उक्त कोष सञ्चालनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को व्यवस्था अनुसार कर्मचारी कल्याणकोष कार्यविधि बनाई लागू गरिनेछ ।

६. कर्मचारीहरुको कार्यबोझ र कार्य सम्पादनका आधारमा निश्चित कार्यविधि तयार गरी प्रोत्साहन गर्ने नीति लिईनेछ । कर्मचारीहरुको मनोबल वृद्धि गर्न मूल्याङ्कनको वैज्ञानिक आधार तयार गरी उत्कृष्ट कर्मचारी पुरस्कारको व्यवस्था गरिनेछ ।

७. यस आर्थिक वर्षदेखी यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कुनै भवितव्य  दुर्घटनामा आवश्यक सहयोगार्थ सामुहिक बिमा कार्यक्रम सञ्चालन गरिनेछ ।

८. यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको मनोबल बृद्धि गर्दै कार्य सम्पादनमा बढोत्तरी गर्न कर्मचारीहरुलाई तोकिए अनुसारको खाजा तथा सञ्चार खर्च प्रदान गरिनेछ । साथै सो

सिद्धलेक गाउँपालिका

को लागि आवश्यक बजेट पालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन हुनेगरी विनियोजन गरिनेछ ।

९. जनप्रतिनिधि तथा कर्मचारीहरुमा क्षमता विकास गर्दै नयाँ प्रविधि र असल अभ्यास आदानप्रदान र सिकाईको लागि अन्तर पालिका अवलोकन भ्रमण गरिनेछ । साथै यसको लागि आवश्यक बजेटको समेत व्यवस्था मिलाईनेछ ।

## सूचना तथा सञ्चार

१. गाउँपालिका र वडा कार्यालयबाट सेवा प्रवाह लागि सञ्चालनमा ल्याईएको सफ्टवेयर (नगदी रसिद सम्पत्तिकर, योजना, इ मिटिङ र ई सिफारिस Central Computerized Billing मार्फत् कार्यान्वयन गरी सकिएकोले यसलाई निरन्तरता दिन यस गाउँपालिकाको आफ्नै Server संचालन गरिनेछ । साथै आवश्यक सफ्टवेयर कृषि तथा पर्यटन सम्बन्धी सफ्टवेयर, Senior Citizen & Disability,File Management System Software हरु सञ्चालनमा ल्याईने छ। आगामी आ.व २०८०/०८१ मा गाउँपालिकाभित्रका सबै आधारभूत स्वास्थ्य केन्द्रहरुमा ईन्टरनेट जडान गरिनेछ ।

२. गाउँपालिका र अन्तर्गतका सबै वडा कार्यालयहरुमा CCTV जडान गरिनेछ साथै गाउँपालिकाका सम्पूर्ण वडालाई प्रविधिमैत्री वडा बनाईनेछ । यसलाई आवश्यकता अनुसार सुधार र परिस्कृत गरिनेछ ।

३. सेवाग्राहीहरुको बाक्लो उपस्थिती हुने कार्यालय तथा सार्वजनिक स्थानहरुमा (गाउँपालिका, वडा कार्यालय, प्रतिक्षालय, स्वास्थ्य चौकी) मा निशुल्क इन्टरनेट सेवाको क्रमशः विस्तार गरिँदै लैजाने नीति लिईनेछ ।

४. गाउँपालिकाको Integrated Centrel Database System विकास गरिनेछ । यसका लागि यस आ.व.मा Server स्थापना गरिनेछ । राजस्व, योजना, ई मिटिङ तथा ई सिफारिस सबै एउटै प्रणालीमा आवद्ध गरिनेछ ।

५. गाउँपालिकाको सरकारी इमेल सञ्चालनमा आईसकेकाले कार्यालयको सूचना तथा समाचार आदान प्रदान गर्ने कार्य सरकारी ईमेल मार्फत गरिने छ ।

६. चालु आ.व. मा सिद्धलेक गाउँपालिकाभित्र रहेका ७ वटा विद्यालयहरुका Website र App निर्माण गरिसकेको छ साथै आगामी आ.व. मा यस कार्यक्रमलाई निरन्तरता दिईने छ ।

## विविध तर्फ

१. सार्वजनिक जग्गा अतिक्रमण गरेर सञ्चालनामा आएका उद्योग व्यवसायहरुलाई कानूनी दायरामा ल्याईनेछ ।

२. कालुपाण्डे राजमार्ग र गाउँपालिका भरिका सबै ग्रामिण सडकहरुको लगत कट्टा गर्ने नीति लिईनेछ ।

अन्त्यमा,

माथि उल्लिखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न वजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ । यि नीति तथा कार्यक्रमको लागि बजेट प्रस्तुत गरिनेछ । यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सवै महानुभावहरुलाई धन्यवाद दिन चाहान्छु । साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने अतिथिज्यू, राजनीतिक दलका प्रमुख एंव प्रतिनिधि ज्यूहरु, विकास साझेदार संस्थाहरु निर्वाचित जनप्रतिनिधि साथिहरु र सम्पूर्ण गाउँपालिकावासीहरु र कर्मचारी मित्रहरुमा धन्यवाद एंव आभार व्यक्त गर्दछु ।

परशुराम खतिवडा

अध्यक्ष

सिद्धलेक गाउँपालिका